(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८० बैशाख १ गतेदेखी २०८० असार मसान्त सम्ममा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

प्रदेश सरकार

उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय

खानेपानी, जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, म्याग्दी

गण्डकी प्रदेश

पोखरा, नेपाल।

२०८० श्रावण ७ गते

# विषय सूचि

विषय पृष्ठ


१ पृष्ठभूमि ........ १

२ कार्यालयको दूरदृष्टि, ध्येय, दीर्घकालिन लक्ष्य र उद्देश्य ........ २

३. काम, कर्तव्य र अधिकार (क्षेत्राधिकार) ........ २

४. कार्यालयको संरचना ........ २


५. जिम्मेवार अधिकारी र टेलिफोन नम्बर ........ ३

६. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम पद ........ ४

७. ऐन नियम विनियम वा निर्देशिकाको सूची ........ ४

८. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण ........ ४


९. आ.व. २०७९ श्रावण १ देखी २०८० असार मसान्त सम्मको खर्च विवरण निम्नानुसार रहेको छः ........ ६

# १ पृष्ठभूमि

परापूर्व कालमा किसानहरुले आफनै स्थानीय सीप, प्रबिधि मार्फत् निर्माण तथा बिकास गरेका बाँध, पैनी, कुलो, कुलेसा तथा परम्परागत शैलीमा निर्माण गरिएका संरचनाहरुनै नेपालको सन्दर्भमा सिंचाई बिकासको खुडकिला मान्न सकिन्छ । सरकारी स्तरबाट बि.सं. १९८५ मा निर्माण भएको चन्द्रनहर तथा त्यसपछि बनेको जुद्द नहर निर्माण पछी आधुनिक सिंचाई प्रणालीको सुरु सुरुवात भएको देखिन्छ । बि.सं. २००७ सालमा प्रजातन्त्रको अभ्युदय पश्चात देशमा सिचाई योजनाको पूर्वाधार बिकास गरि कृषि उत्पादनमा बृद्धि गर्ने उद्देश्यको साथ संस्थागत प्रयास गर्ने अभिप्रायले बि.स.२००९ सालमा नहर विभागको स्थापना भएको र सोहि सरकारी निकाय बि.स. २०२९ पछि सिंचाई तथा जलबायु बिज्ञान बिभागमा नामाकरण भै यसै अन्तर्गत तत्कालिन अवस्थामा देशभरका ७५ जिल्लामा नै सिंचाई कार्यालय स्थापना गरि सिचाई बिकासको थालनी गर्ने नीति भए बमोजिम बि.सं.२०४५ सालमा जिल्ला सिंचाई कार्यालय, म्याग्दीको पनि स्थापना भएको र तत् पश्चात यस जिल्लामा पनि संस्थागत रुपमा सिचाई बिकास सम्बन्धि गतिबिधि अघि बढेको देखिन्छ । २०४६ सालको परिबर्तन पछी जनताहरुको बढ्दो ईच्छा, आकांक्षा र मागलाई समेत सम्बोधन गर्ने हेतुले सरकारी तबरबाट बिभिन्न समयमा जलश्रोत ऐन २०४९, सिंचाई नीति २०४९ तथा सिंचाई नियमावली २०५६ र त्यसपछि नीति तथा नियमावलीको क्रमशः २०५३,२०५६,२०६० तथा २०७० मा भएको समय सान्दर्भिक संसोधनले सिंचाई बिकासको लागी आधार स्तम्भ तयार गरेको देखिन्छ । कार्यालयको दायरा तथा कार्यक्षेत्र फराकिलो पार्न र अधिकार प्राप्त शक्तिसाली डिभिजन मार्फत २ या ३ जिल्ला हेर्ने गरि २०५८ सालमा सिचाई बिकास डिभिजनको अबधारणा अनुसार यस जिल्लाको सिचाई सम्बन्धि सम्पूर्ण कार्य बाग्लुंग डिभिजनबाट सन्चालन हुने ब्यबस्था भएको देखिन्छ । दुर्गम जिल्ला, यातायातको पूर्वाधार समेत बिकास नभई सकेको सन्दर्भमा पहाडी जिल्लाहरु लाई डिभिजन अवधारणा लैजादा जनताको सम्पर्क स्थापना, समन्वय, सहकार्यमा बाधा भै लाभग्राही समुह झन् राज्यको सुविधाबाट बन्चित हुन पुगेको अबस्थाले सिंचाई गतिविधिहरुमा झन् प्रत्यक्ष नकारात्मक असर परेकोले केन्द्रिकृत अवधारणा जस्तो लाग्ने यो प्रणाली बिस्तारै अभिसाप जस्तै भएको कुरा तालुक निकायले समेत महशुस गरेको र आ.ब.२०७२/७३ पछि पुनः प्रत्येक जिल्ला सदरमुकाममा नै सेवा कार्यालय स्थापना गरि प्रत्यक्ष जनताहरुको बिचबाट नै सेवा सुबिधा पुराउने नीति भए बमोजिम  सिंचाईमा जनताको पहुँच पुराउने हेतुले जलश्रोत तथा सिंचाई बिकास सब-डिभिजन कार्यालय, म्याग्दीको स्थापना भै सिचाई सम्बन्दी काम कारबाही अघि बढेको देखिन्छ । बदलिदो अवस्था र जनताको माग अनि कामको दायरा, बजेट लगानीको सन्दर्भलाई फराकिलो पारि“ सिंचाई गरौं, उत्पादन बढाउं आत्मनिर्भर बनौ” भन्ने नारालाई सार्थकता दिने उद्देश्यले कामको दायरा फराकिलो पार्ने हेतु २०७५ देखि जलश्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालको रुपमा संचालन हुदै आबस्यक गतिबिधि हुँदै आएकोमा आ.ब. २०७७/०७८ साउन देखि खानेपानी तथा सरसफाई कार्यालय समेत संचालन गर्ने जिम्मेवारी प्राप्त भए अनुसार हाल उर्जा, जलश्रेत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश सरकार अन्तर्गत “खानेपानी, जलश्रोत तथा सिंचाई बिकास डिभिजन कार्यालय, म्याग्दी“ को नाउँमा तोकिए बमोजिमका बिबिध कार्यक्रमहरु संचालन हुँदै आएको छ । गण्डकी प्रदेश सरकार अन्तर्गत आर्थिक मामिला तथा योजना मन्त्रालयले जारी गरेको “बजेट तथा कार्यक्रम





कार्यान्वयन सम्बन्धि "एकीकृत कार्यविधि, २०७७" समेत जारी भएकोले कार्यविधिको बुँदा, मर्म र भावना अनुरुप समेत सहजरुपमा आबस्यक कार्यक्रम संचालन हुदै आएको छ ।

## २ कार्यालयको दूरदृष्टि, ध्येय, दीर्घकालिन लक्ष्य र उद्देश्य

✓ म्याग्दी जिल्लाको सम्पूर्ण कृषियोग्य भुमिमा कृषि उत्पादकत्वमा योगदान पुग्ने गरी वर्षैभरी दिगो एवं भरपर्दो सिंचाइ सुविधा पुऱ्याउने यस कार्यालयको दुरदृष्टि रहेको छ।

✓ सिंचाइ संरचनाहरुको उचित मर्मत संभार, प्रभावकारी जल व्यवस्थापन, आधुनिकीकरण गर्ने तथा नयाँ सिंचाइ योजनाहरुको निर्माण गरी वर्षैभरी भरपर्दो सिंचाइ सेवा पुऱ्याउने।

✓ खानेपानी तथा सरसफाई सेवाको व्यवस्थाबाट समावेशी सामाजिक आर्थिक विकास, सर्वसाधरणको स्वास्थ्य र जीवनस्तरमा गुणात्मक सुधार तथा वातावरणिय संरक्षणको सुनिश्चितता द्धारा शहरी तथा ग्रामिण क्षेत्रमा गरिवी न्युन गर्नु रहेको छ।

## ३. काम, कर्तव्य र अधिकार (क्षेत्राधिकार)

✓ म्याग्दी जिल्ला भित्र सिंचाइ, खानेपानी तथा नदी नियन्त्रणको डि.पि.आर तयार तथा आवश्यकता अनुसार परामर्श सेवा प्रदान गरि गुणस्तरिय निर्माण कार्य सम्पादन गर्ने ।


✓ सिंचाइ, खानेपानी तथा नदी नियन्त्रण योजनाहरुको निर्माण, संचालन तथा व्यवस्थापन गर्ने।


✓ सिंचाइ, खानेपानी तथा नदी नियन्त्रण सम्बन्धित प्रविधि, संरचना र श्रोतको थप अध्ययन र अनुसन्धानको कार्यमा जोड दिने।

✓ सिंचाइ, खानेपानी तथा नदी नियन्त्रण सम्बन्धी सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने।

## ४. कार्यालयको संरचना

खानेपानी, जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय म्याग्दीको कार्यालय संरचना







**खानेपानी, जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, म्याग्दी को दरबन्दी तेरिज**

| क्र.स. | पद | तह / श्रेणी | दरबन्दी संख्या | पदपूर्तिको अवस्था | रिक्त |
|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमूख (सिं.डि.ई.) | नवौं / दशौं | १ | १ | - |
| २ | ईन्जिनियर | सातौं / आठौं | २ | २ | - |
| ३ | सहायक स्तर / अधिकृतस्तर (प्रशासन) | पाँचौं / छैठौं | १ | १ | - |
| ४ | सहायक स्तर / अधिकृतस्तर (प्रशासन लेखा) | पाँचौं / छैठौं | १ | १ | - |
| ५ | सव-ईन्जिनियर / सहायकस्तर / अधिकृतस्तर | पाँचौं / छैठौं | ४ | ४ | - |
| ६ | ए.ओ. / सहायकस्तर | चौथो / पाँचौं | १ | १ | - |
| ७ | खा. प. स. टे. / सहायकस्तर | चौथो / पाँचौं | २ | २ | - |
| ८ | कार्यालय सहयोगी | श्रेणी विहिन | २ | २ | - |
| ९ | हलुका सवारी चालक | श्रेणी विहिन | १ | १ | - |
| | | जम्मा | १५ | १५ | - |

## ५. जिम्मेवार अधिकारी र टेलिफोन नम्बर

| क्र.स. | पद | तह / श्रेणी | टेलिफोन नम्बर |
|---|---|---|---|
| १ | कार्यालय प्रमूख (सिं.डि.ई.) | ई. सुरेन्द्र पौडेल | ९८५७६२७२२५ |
| २ | ईन्जिनियर (सिंचाइ शाखा) | प्रकाश पराजुली | ९८५१२७३०६३ |
| ३ | ईन्जिनियर (खानेपानी शाखा) | ई. राजेश उलक | ९८४३४५३९६४ |
| ४ | सहायक स्तर / अधिकृतस्तर (प्रशासन) | अधिकृत छैटौं प्रशासन बाबुराम आचार्य | ९८५७६२६००७ |
| ५ | सहायक स्तर / अधिकृतस्तर (प्रशासन लेखा) | अधिकृत छैटौं लेखा ईन्द्र बहादुर के.सी. | ९८५७६२०४४४ |
| ६ | सुचना अधिकारी | ई. राजेश उलक | ९८४३४५३९६४ |



**६. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम पद**

| | |
|---|---|
| प्रमुख | सिं.डि.ई. सुरेन्द्र पौडेल |
| सूचना अधिकारी | ई. राजेश उलक |

**७. ऐन नियम विनियम वा निर्देशिकाको सूची**

➢ नेपालको संविधानः

➢ नीतिः

१. सिंचाइ नीति २०७०

२. जलश्रोत नीति २०७७

३. जल उत्पन्न प्रकोप व्यवस्थापन नीति २०७२

४. खानेपानी तथा सरसफाई नीति २०७१

➢ ऐनः

१. "गण्डकी प्रदेश सिंचाइ ऐन २०७८"

२. "गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९"

३. जलश्रोत ऐन २०४९

४. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी ऐन २०७६

५. सार्वजनिक खरिद ऐन २०६४

६. अन्य प्रचलित ऐनहरु

➢ नियमावलीः

१. सिंचाइ नियमावली, २०५६

२. जलश्रोत नियमावली, २०५०

३. सार्वजनिक खरिद नियमावली, २०६४

४. खानेपानी नियमावली, २०५५

५. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी नियमावली, २०७७

६. अन्य प्रचलित नियमावली

➢ कार्यविधिः बजेट तथा कार्यक्रम कार्यन्वयन सम्बन्धी एकीकृत कार्यविधी, २०७७(आर्थिक मामिला तथा योजना मन्त्रालय, गण्डकी प्रदेश)

## ८. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

➢ आ.व. २०७९/०८० अन्तर्गत स्वीकृत सिंचाइ तथा खानेपानी आयोजनाहरुको स्थलगत निरीक्षण, अनुगमन गरी योजना निर्माण कार्यमा गुणस्तर कायम गरिएको।

**नदि नियन्त्रण/आपतकालिन तर्फ**

➢ नदि नियन्त्रण सम्बन्धी ६९० मिटर ग्याबिन वाल तटबन्धन कार्य सम्पन्न भएको।

- नदि नियन्त्रण सम्बन्धी २६२ मिटर Boulder stacking कार्य सम्पन्न भएको।
- नदि नियन्त्रण सम्बन्धी १५ मिटर Plumb concreting कार्य सम्पन्न भएको।
- आपतकालिन बाढि पहिरो तथा पुनस्थापना कार्यक्रम अन्तर्गत ५७७ वटा ग्याबियन जाली वितरण गरिएको।

**सिंचाइ तर्फ**

- (नयाँ ५४ हेक्टर, कृषक कुलो ५ हेक्टर र पुनर्स्थापना २९ हेक्टर) गरी आ.व. २०७९/०८० मा जम्मा ८८ हेक्टर जमिनमा सिंचाइ सुविधा थप पुगेको छ।
- ७३३० मिटर पक्कि कुलो निर्माण।
- ४ वटा ईन्टेक निर्माण ।
- १४३१८ मिटर एच.डि.पि.ई पाईपलाईन विस्तार।
- १ वटा पोखरी (RVT) निर्माण कार्य सम्पन्न ।
- ४९ वटा Distribution Chamber निर्माण कार्य सम्पन्न।
- ४९ वटा Distribution Chamber निर्माण कार्य सम्पन्न।
- (१३X०.८५X२.६५) Rock Cutting निर्माण कार्य सम्पन्न।


**सम्पन्न सिंचाइ योजनाहरु**

- रातोखोला भर्जुला सिंचाई योजना (१७ हे), मंगला गा.पा-१,म्याग्दी
- औला सिंचाइ योजना (५० हे), अन्नपूर्ण गा.पा. ७,म्याग्दी
- झ्याप्रेखोला तल्लो भैटिनी सिंचाइ योजना (१३ हे), मंगला गा.पा. ३, ४, म्याग्दी
- मुलाखेत सिचाइ, घतान (बेनी नगरपालिका)
- सेतीपोखरी सिंचाई योजना, बेनी ९ म्याग्दी
- आवाङ सिंचाइ योजना मंगला गा.पा. १ म्याग्दी
- अर्जेखोला रायखेत सिंचाइ योजना, मंगला गा.पा.३ बरम्जा म्याग्दी
- नेवारे खोला सिंचाई योजना, मंगला गा.पा. २, सिमलचौर, म्याग्दी
- दुखु बेशी सिंचाइ योजना, मालिका गा.पा., ६ म्याग्दी

**खानेपानी तर्फ**

- १११२ वटा निजि धारा निर्माण।
- ९३.६४ किलो मिटर पाईपलाईन जडान।
- १२ वटा ईन्टेक निर्माण।
- १०० घन मिटरको १ वटा खानेपानी ट्याङ्की (RVT) निर्माण।
- ५० घन मिटरको २ वटा खानेपानी ट्याङ्की (RVT) निर्माण।
- २५ घन मिटरको १ वटा खानेपानी ट्याङ्की (RVT) निर्माण।





- २० घन मिटरको ५ वटा खानेपानी टयाङ्की (RVT) निर्माण।
- १२ घन मिटरको २ वटा खानेपानी टयाङ्की (RVT) निर्माण।
- १० घन मिटरको २ वटा खानेपानी टयाङ्की (RVT) निर्माण।
- ५ घन मिटरको ३ वटा खानेपानी टयाङ्की (RVT) निर्माण।
- ४ वटा वि.पि.टि. निर्माण।
- ४ वटा सि.सि. निर्माण।
- २ वटा आई.सि. निर्माण।
- ३४ वटा पाईप सपोर्ट पिल्लर निर्माण।
- १ वटा सम्प वेल निर्माण।
- २ वटा चौकीदार भवन निर्माण।

**सम्पन्न खानेपानी योजनाहरु**

- ढोलनाथ पुलाडाँडा खानेपानी योजना, बेनी न.पा.०५, म्याग्दी।
- रानीपौवा खा पा आ, पिप्ले, रघुगंगा गा.पा.०३, म्याग्दी।
- डम्वरा खा.पा. आयोजना मर्मत सुधार, बेनी न.पा. ०६, म्याग्दी।

## ९. आ.व. २०७९ श्रावण १ देखी २०८० असार मसान्त सम्मको खर्च विवरण निम्नानुसार रहेको छः

| सि.नं. | कार्यक्रमको नाम | विनियोजित बजेट (रु हजारमा) | खर्च (रु हजारमा) | खर्च प्रतिशत | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| १ | गण्डकी प्रदेश अनुदान पूँजिगत | ११६४५०।०० | १००९५६.५० | ८६.७० | ९०.५० |
| २ | मझौला सिंचाइ आयोजना (संघ सशर्त अनुदान) | ८०००.०० | ७८९०.८२ | ९०.६४ | १०० |
| ३ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना (संघ सशर्त अनुदान) | २५०००.०० | १९२४५.३० | ७६.९८ | ८४.७५ |
| ४ | संघिय नदी नियन्त्रण आयोजना | १०००.०० | ४.८७.३९१ | ४८.७३९ | ५०.०० |
| ५ | एकीकृत उर्जा तथा सिंचाई विषेश कार्यक्रम (संघ सशर्त अनुदान) | १५००.०० | ०.०० | ०.०० | ०.०० |
| | पुँजिगत जम्मा | १५१९५०.०० | १२८५८०.०१ | ८४.६२ | ९०.०७ |
| ४ | गण्डकी प्रदेश सरकार अनुदान (चालु) | १२२१६.०१ | ११०१७.०६ | ९०.१८ | |
| | **कुल जम्मा** | **१६४१६६.१०** | **१३९५९७.०७** | | |

